## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय खाँदवारी, संखुवासभाका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८३/०२/२२ गते शुक्रबारको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिनु भएको कर्जा रकम बैंकसँग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीको लागि मिति २०८२/०२/२६ गते सोमवारको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्री बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले मिति २०८२/०९/०२ गते बुधवारको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय खाँदवारी, संखुवासभामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०२/२९ गते शुक्रवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय खाँदवारी, संखुवासभामा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

### तपसिल

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य बिभाग, घरेलु तथा साना उद्योग बिकास समिति, शाखा कार्यालय संखुवासभामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०२/०१ मा प्रा.फ.र.नं. ३४२/०६९/०७० मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय धरान, सुनसरीबाट मिति २०६९/०४/१० मा करदाताको नाम केवल बहादुर गुरुङ कारोवारको नाम सुजिल कपडा पसल भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००५३८६०४ को प्रमाणपत्र प्राप्त **सुजिल कपडा पसल फर्म**।

**रजिष्टर्ड ठेगाना :** संखुवासभा जिल्ला, खाँदवारी न.पा. वडा नं. ३, मानेभन्ज्याङ्ग।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : केवल बहादुर गुरुङ्ग** (ना.प्र.नं. ०९-०१-७३-०४५०३, जारी मिति २०७३-१२-२०, जारी गर्ने कार्यालय जि.प्र.का. भोजपुर)। स्थायी ठेगाना : भोजपुर जिल्ला षडानन्द न.पा. वडा नं. २। हालको ठेगाना : संखुवासभा जिल्ला खाँदवारी न.पा. वडा नं. ३।<br>बाबु : नर बहादुर गुरुङ्ग।<br>बाजे : दल वीर गुरुङ्ग। | **जमानतकर्ता : गिता गुरुङ्ग**<br>(ना.प्र.नं. ८८/४९६६३, जारी मिति २०५०-०५-२५, जारी गर्ने कार्यालय जि.प्र.का. संखुवासभा)।<br>ठेगाना : संखुवासभा जिल्ला सित्तलपाटी गा.वि.स. वडा नं. ८ (हाल खाँदवारी न.पा. वडा नं. ३)।<br>बाबु : प्रेम बहादुर गुरुङ्ग।<br>पति/ससुरा : केवल बहादुर गुरुङ्ग/नर बहादुर गुरुङ्ग। |
| **२. ऋणी : केवल बहादुर गुरुङ्ग** (ना.प्र.नं. ०९-०१-७३-०४५०३, जारी मिति २०७३-१२-२०, जारी गर्ने कार्यालय जि.प्र.का. भोजपुर)।<br>स्थायी ठेगाना : भोजपुर जिल्ला षडानन्द न.पा. वडा नं. २। हालको ठेगाना : संखुवासभा जिल्ला खाँदवारी न.पा. वडा नं. ३।<br>बाबु : नर बहादुर गुरुङ्ग। बाजे : दल वीर गुरुङ्ग। | **जमानतकर्ता : गिता गुरुङ्ग** (ना.प्र.नं. ८८/४९६६३, जारी मिति २०५०-०५-२५, जारी गर्ने कार्यालय जि.प्र.का. संखुवासभा )। ठेगाना : संखुवासभा जिल्ला सित्तलपाटी गा.वि.स. वडा नं. ८ (हाल खाँदवारी न.पा. वडा नं. ३)।<br>बाबु : प्रेम बहादुर गुरुङ्ग।<br>पति/ससुरा : केवल बहादुर गुरुङ्ग/नर बहादुर गुरुङ्ग। |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **केवल बहादुर गुरुङको** नाममा मालपोत कार्यालय खाँदवारी, संखुवासभामा दर्ता श्रेष्ता कायम रहेको संखुवासभा जिल्ला पांमा गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २, स्थित कि.नं. १६७९ र १९९६, क्षेत्रफल १५२०.०० (ब.मि.) र १७४.८० (ब.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........१

२. **ऋणी सुजिल कपडा पसलको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय, खाँदवारी, संखुवासभाबाट** प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय खाँदवारी, संखुवासभामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x30